UNITED AJOD
Insurance Limited
United by Trust

# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
# United Ajod Insurance Limited

केन्द्रिय कार्यालयः सिटिसि मल सुन्धारा, काठमाडौं
सम्पर्क नं.: ०१-५३३३७४३, ०१-५३४४०१३, ०१-५३४४०१३, ०१-५३३३७४३
इमेलः info@unitedajodinsurance.com, वेभसाइटः unitedajodinsurance.com


## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**विवरण सार्वजनिक गरेको अवधि : २०८२/०१/०१ देखि २०८२/०३/३२**

१. **निकायको स्वरुप र प्रकृति :** यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बीमा ऐन, २०७९ बमोजिम सञ्चालित निर्जीवन बीमा कम्पनी हो ।

२. **निकायको काम, कर्तव्य र अधिकार :** बीमा ऐन २०७९, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धि ऐन २०६३, प्रचलित अन्य कानून, नियम तथा निर्देशिकाहरुको अधीनमा रहि निर्जीवन बीमा व्यवसाय गर्ने ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** यस अवधिमा कम्पनीमा कार्यरत कर्मचारी संख्या ५२८ रहेको छ । विभिन्न बिभागहरुको गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भईरहेको छ । व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेबसाइट www.unitedajodinsurance.com मा रहेको छ ।

४. **निकायमा प्रदान गरिने सेवा :** बीमा नियमावली, २०८१ बमोजिम निर्जीवन बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पूर्ण बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरु :** कम्पनीको प्रधान कार्यालय (सि.टि.सि. मल, सातौं तल्ला, सुन्धारा काठमाण्डौ) र विभिन्न ६ वटा प्रादेशिक कार्यालय, ३९ वटा शाखा, ४३ वटा उपशाखा कार्यालयहरु, ६ वटा तेश्रो पक्ष बीमा काउण्टर र १५ वटा एक्टेन्सन काउण्टरबाट सेवा प्रदान गरिदै आएको छ । सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.unitedajodinsurance.com मा उपलब्ध छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** नेपाल बीमा प्राधिकरणबाट तोकिएको बीमादर बमोजिम र अन्यको हकमा जोखिम विश्लेषणको आधारमा बीमाशुल्क लिने गरिएको छ । बीमा दाबीको फछर्यौट सम्बन्धमा बीमा नियमावली, २०८१ को नियम ९१ तथा बीमा दाबी भुक्तानी मार्गदर्शन, २०८१ बमोजिम दाबी भुक्तानी गरिन्छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** बीमा कारोबारको सम्बन्धमा जिम्मेवारी अनुरुप विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रकृया मिलाइएको छ । विशेष निर्णयको हकमा विषयवस्तु प्रकृति अनुसार कम्पनीका उप-शाखा, शाखा तथा प्रादेशिक प्रमुख, विभागीय प्रमुख, सहायक महाप्रवन्धक, महाप्रवन्धक, नायव प्रमुख कार्यकारी अधिकृत, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको सञ्चालक समितिले गर्ने गर्दछ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नको लागि विषय बस्तु प्रकृति अनुसार कम्पनीको शाखा तथा विभागीय प्रमुख, सहायक महाप्रवन्धक, महाप्रवन्धक, नायव प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतलाई उजुरी सुन्ने अधिकृतको रुपमा तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरण :** बीमा ऐन २०७९, बीमा नियमावली २०८१ बमोजिम निर्जीवन बीमा कम्पनीले गर्न सक्ने सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पादन भईरहेको छ ।

१०. **कार्यालय प्रमुख तथा सूचना अधिकारीको नाम र पद :**

कार्यकारी प्रमुखको नाम : श्री कमल गौतम, प्रमुख कार्यकारी अधिकृत,

सूचना अधिकारीको नाम : श्री बैद्यनाथ प्रसाद उपाध्याय, कम्पनी सचिव/सहायक महाप्रवन्धक,

साथै यस कम्पनीका उप-शाखा, शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित कार्यालय प्रमुखहरुलाई समेत सम्बन्धित शाखाको सरोकारको हकमा सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :** बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३ , धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, आयकर ऐन, २०५८, श्रम ऐन २०७४, बोनस ऐन, २०३०, मूल्य अभिबृद्धि कर ऐन, २०५२ र सो ऐन अन्तर्गत बनेका नियम विनियम तथा नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिकाहरु ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :** कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ र यस कम्पनीको वेबसाइटमा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण :** नभएको ।

१४. **अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :** वार्षिक साधारण सभा, विशेष साधारण सभा, कर्मचारीहरुको तालिम, अभिकर्ता तालिम, गोष्ठी र सेमिनार आदि ।

१५. **निकायको वेभसाइट भए सोको विवरण :** www.unitedajodinsurance.com

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राबिधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** कम्पनीले वैदेशिक सहायता, ऋण, अनुदान प्राप्त गरेको छैन । Best Meridian Insurance को अगुवाईमा अन्य पुनर्बीमकसँग पुनर्बीमा सम्झौता गरेको छ ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन :** घुम्ती बीमा, अभिकर्ता इजाजतपत्रको निम्ति तालिम, बीमा सचेतना कार्यक्रम आदि संचालन गरिएको ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको अवधि :** हालसम्म नभएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :** नभएको ।

२०. **निकायको सूचनाहरु अन्यत्र प्रकाशित भएका वा हुने भएका भए सोको विवरण :** प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमका विवरणहरु, साधारण सभा सम्बन्धी सूचना, बीमा दावी सम्बन्धी सूचना, अभिकर्ता तालिम सम्बन्धी सूचना, कोटेशन आह्वान सम्बन्धी सूचना, सूची दर्ता सम्बन्धी सूचना तथा अन्य सूचनाहरु प्रकाशित गरिएको र सो सूचनाहरु यस कम्पनीको वेवसाइटमा राखिएको छ ।